# आरएसडिसी लघुवित्त वित्तीय संस्थाद्वारा “लघुवित्त परिचालनमा सहकारी व्यवस्थापन” विषयक स्थलगत अनुशिक्षण सम्पन्न

**“लघुवित्त परिचालनमा सहकारी व्यवस्थापन” विषयक एक दिने स्थलगत अनुशिक्षण कमर्यक्रम सम्पन्न :** यस आरएसडिसी लघुवित्त वित्तीय संस्थाले सिन्धुली, सर्लाही, रौतहट, महोत्तरी तथा धनुषा जिल्लामा “लघुवित्त परिचालनमा सहकारी व्यवस्थापन” विषयक १ दिने स्थलगत अनुशिक्षण/ तालिम सम्पन्न गरेको छ । वित्तीय संस्थाले मिति २०७५ कार्तिक ३० देखी मंसीर ०९ गते सम्म, उक्त जिल्लाहरुमा अवस्थित २४ साझेदार संस्थाहरुमा उक्त अनुशिक्षण कार्यक्रम सम्पन्न गरेको हो । उक्त अनुशिक्षण कार्यक्रममा, ५ जिल्लाका २४ सहकारी संस्थाका, सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति तथा कर्मचारी गरि जम्मा ३०६ जनाको सहभागिता रहेको थियो ।





**तालिमको विषय बस्तु :** वित्तीय संस्थाले आयोजना गरेको ‘लघुवित्त व्यवस्थापनमा सहकारी व्यवस्थापन’ विषयक उक्त अनुशिक्षण कार्यक्रममा निम्न विषयहरु समेटिएका थिए :

- सम्पत्ती शुद्धिकरण निवारण बारे आधारभुत अवधारणा
- सहकारी कर्जा सूचना केन्द्रबारे आधारभुत अवधारणा
- सहकारी कर्जा असुली न्यायाधिकरण बारे आधारभुत अवधारणा
- वित्तीय साक्षरता र सक्षमता बारे आधारभुत अवधारणा
- सहकारी सिद्धान्तको व्यवहारिक प्रयोग
- सहकारीका लागि आवश्यक नीति तथा कार्यविधिहरु
- सहकारी ऐन २०७४ - प्रमुख व्यवस्थाहरु
- कर्जा व्यवस्थापन तथा अभिलेख व्यवस्थापन
- बैठक सञ्चालन तथा आन्तरिक नियन्त्रण

उपरोक्त विषयहरुका अलावा, अनुशिक्षण कार्यक्रमको क्रममा, वर्तमानमा परिमार्जित विभिन्न नीति, नियमहरुले सहकारीको क्षेत्रमा पारेको प्रभाव बारे सहभागीहरु विच गहन अन्तरकृया गरिएको थियो ।



**प्रतिकृया तथा उपलब्धी :** उक्त अनुशिक्षण कार्यक्रको समाप्ती पश्चात, सहभागीहरुवाट जटील सैद्धान्तीक विषको व्यवहारीक/प्रयोगात्मक ज्ञान, सम्पत्ती शुद्धिकरण निवारण बारे महत्वपूर्ण जानकारी, सहकारी कर्जा सूचना केन्द्र तथा असुली न्यायाधिकरण बारे बुझ्नमा सहयोगी, सहकारीका सिद्धान्तहरुको व्यवहारिक प्रयोग गर्न सहयोगी, दैनिक कार्य गर्ने क्रममा रहेका अस्पष्टता समाधान गर्नमा सहयोगी भएको जस्ता प्रतिकृयाहरु प्राप्त भएको थियो । यसका अलावा कार्यक्रमको अवधी छोटो भएको तथा कुनै एक विषयमा केन्द्रित हुन सकेमा अझ उपयोगी हुने, तथा आगामी दिनमा नया नया विषयहरु समेट्नु पर्ने जस्ता सुझाव तथा प्रतिकृया सहभागीहरुवाट प्राप्त भएको थियो ।

उक्त एक दिने अनुशिक्षणवाट वित्तीय संस्थाका साझेदार संस्थाहरुले सहकारी व्यवस्थापनका आधारभुत अवधारणा का साथै, अभिलेख व्यवस्थापन तथा संस्थागत विकासका लागि संस्थामा आवद्ध सबै पदाधिकारीहरुले आ-आफ्नो जिम्मेवारी तथा भुमिका बारे पुनरताजगी हुनका साथै, सहकारीताको क्षेत्रमा नयाँ विषयका रुपमा रहेका सम्पत्ती शुद्धिकरण निवारण, सहकारी कर्जा सूचना केन्द्र तथा कर्जा असुली न्यायाधिकरण बारे समेत आधारभुत जानकारी प्राप्त गर्न सहयोग पुगेकाले साझेदार संस्थाहरु आगामी दिनमा अझ सबल र सक्षम रुपमा सञ्चालित हुन्छन् भन्ने अपेक्षा गरिएको छ ।



**अन्त्यमा :** उक्त तालिमको श्रोत व्यक्ती (प्रशिक्षक) को रुपमा लघुवित्त तथा सहकारिताको क्षेत्रमा लामो समयदेखी कार्य गर्दै आईरहनु भएका हरि प्रसाद भट्टराई तथा हरी थापाको सेवा लिईएको थियो भने वित्तीय संस्थाको तर्फवाट अनुसन्धान तथा विकास विभाग प्रमुखले कार्यक्रम संयोजन गर्नुभएको थियो । वित्तीय संस्थाले आफ्ना साझेदार संस्थाहरुको समग्र संस्थागत क्षमता अभिबृद्धि गर्नको लागि आगामी दिनमा पनि नियमित रुपमा आफ्ना साझेदार संस्थाहरुको माग तथा आवश्यकता अनुसार विविध विषय वस्तुहरु समावेश गरि अन्य तालिमहरु आयोजना गर्दै जानेछ ।

**मिति २०७५ कार्तिक ३० देखि मंसीर ०९ सम्म - सिन्धुली, रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्लामा अवस्थित २४ साझेदार संस्था**